नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, मंसिर ७ गते, २०८३ साल (संख्या ४९

भाग ३

नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

सूचना

संवत् २०८३ सालको (गठन) आदेश (नेराप) नम्बर १४

केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०८३

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आदेशको नाम "केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस गठन आदेशबमोजिम बनेको विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ख) "पुस्तकालय" भन्नाले केन्द्रीय कानून पुस्तकालय सम्झनुपर्छ।

(ग) "पुस्तकालय प्रमुख" भन्नाले पुस्तकालयको प्रशासकीय प्रमुखको रूपमा काम गर्न दफा ६ बमोजिम नियुक्त वा तोकिएको व्यक्ति सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको केन्द्रीय कानून पुस्तकालय विकास समिति सम्झनुपर्छ।

३. **समितिको गठन** : (१) केन्द्रीय कानून पुस्तकालय विकास समिति नामको एउटा समिति गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन् :-

(क)	मुख्य रजिष्ट्रार, सर्वोच्च अदालत	-अध्यक्ष
(ख)	सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	-सदस्य
(ग)	रजिष्ट्रार, सर्वोच्च अदालत	-सदस्य
(घ)	नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय	-सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य

(च) डीन, कानून सङ्काय, त्रिभुवन विश्वविद्यालय -सदस्य

(छ) अध्यक्ष, नेपाल वार एशोसिएसन -सदस्य

(३) पुस्तकालय प्रमुखले समितिको सचिव भई काम गर्नेछ।

(४) समितिले आवश्यक देखेमा नेपाल सरकारको कुनै अधिकृत वा अन्य कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : (१) केन्द्रीय कानून पुस्तकालयलाई सुचारू रूपमा सञ्चालन गर्नु समितिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्यपालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछ :-

(क) पुस्तकालयको विकास सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) पुस्तकालयको सुधार, विस्तार र सेवाको स्तर वृद्धि गर्न आवश्यक स्रोत र साधनको खोजी गर्ने,

(ग) नेपालभर प्रकाशित कानूनका पुस्तक, पत्रपत्रिका, टिपोट आदिको सङ्कलन गर्ने,

(घ) विदेशी मुलुकबाट प्रकाशित कानूनको दृष्टिले महत्वपूर्ण मानिएका पुस्तक,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभिन्न अदालतहरूबाट भएका फैसला तथा पत्रपत्रिकाहरूको सङ्कलन गर्ने,

(ङ) पुस्तकालयको विकास तथा विस्तारको लागि विभिन्न पुस्तकालयसँग समन्वय गर्ने,

(च) नेपाल सरकारको स्वीकृति लिई विदेशी सङ्घ, संस्था तथा व्यक्तिहरूबाट पुस्तक, पत्रिका लगायत पुस्तकालयको लागि आवश्यक सामग्रीहरू प्राप्त गर्ने,

(छ) पुस्तकालयसम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने।

५. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा दफा ३ को उपदफा (२) को खण्ड (ख) बमोजिमको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ।

(६) समितिको निर्णय समितिको अध्यक्षले प्रमाणित गरी राख्नेछ।

(७) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

६. **पुस्तकालय प्रमुखको नियुक्ति** : (१) मन्त्रालयले देहायको योग्यता पुगेको व्यक्तिलाई पुस्तकालय प्रमुख पदमा नियुक्ति गर्नेछ :-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको, वा

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह उत्तीर्ण गरी मान्यता प्राप्त संस्थाबाट पुस्तकालय विज्ञानमा कम्तीमा छ महिनाको तालिम प्राप्त गरेको।

(२) उपदफा (१) बमोजिम पुस्तकालय प्रमुख नियुक्ति नभएसम्मको लागि मन्त्रालयले राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत कर्मचारीलाई पुस्तकालय प्रमुखको रूपमा काम गर्ने गरी तोक्न सक्नेछ।

(३) पुस्तकालय प्रमुखको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा समितिले तोकेबमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) पुस्तकालय प्रमुखको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

७. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) समितिमा आवश्यक सङ्ख्यामा कर्मचारीहरु रहनेछन्।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक, सेवाको सर्त तथा सुविधा तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम समितिका कर्मचारीहरू नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले नेपाल सरकारका कुनै कर्मचारीलाई समितिबाट तलब भत्ता खाने गरी समितिमा काजमा खटाउन सक्नेछ।

(४) समितिमा काजमा खटिएको कर्मचारीलाई नेपाल सरकारले अन्यत्र काज खटाउनु वा सरुवा गर्नु परेमा त्यसको अग्रिम सूचना समितिलाई दिनेछ।

८. **बैठक भत्ता** : समितिको अध्यक्ष, सदस्य तथा सचिवले समितिको बैठकमा भाग लिएबापत नेपाल सरकारको अर्थ मन्त्रालयले तोकेको मापदण्डबमोजिमको बैठक भत्ता पाउनेछन्।

९. **समितिको कोष** : (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) स्वदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सेवा उपलब्ध गराएबापत प्राप्त रकम,

(घ) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुअघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

(४) समितिको कार्य सञ्चालनका लागि आवश्यक पर्ने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) समितिको कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ र त्यसरी विनियम नबनेसम्म समितिले तोकेबमोजिम कोषको सञ्चालन गर्न सकिनेछ।

१०. **लेखापरीक्षण** : (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणालीबमोजिम राखिनेछ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ।

(३) नेपाल सरकारले चाहेमा समितिको हिसाब किताब जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

११. **अधिकार प्रत्यायोजन** : समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार समितिको कुनै सदस्य, सचिव वा कुनै अधिकृत कर्मचारीलाई आवश्यकतानुसार प्रत्यायोजन गर्न सक्नेछ।

१२. **नेपाल सरकारसँग सम्पर्क** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत् राख्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. **विनियम तथा कार्यविधि बनाउन सक्ने** : (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यक विनियम बनाउन सक्नेछ र त्यस्तो विनियम मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ।

(२) समितिले आफ्नो कार्यसम्पादनको लागि उपदफा (१) बमोजिम बनेको विनियमको अधीनमा रही आवश्यक कार्यविधि बनाउन सक्नेछ।

१४. **समितिको कार्यालय** : समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

१५. **खारेजी र बचाउ** : (१) केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०५२ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको आदेशबमोजिम भए गरेका कामहरू यसै आदेशबमोजिम भए गरेको मानिनेछ।

(३) यो आदेश प्रारम्भ हुँदाका बखत समितिमा कार्यरत स्थायी कर्मचारीहरूलाई निजहरूले पाइरहेको सुविधामा मर्का नपर्ने गरी समान तह र पदमा समायोजन गरिनेछ।

(४) यो आदेश प्रारम्भ हुँदाका बखत समितिमा करारमा कार्यरत कर्मचारी करार सम्झौताको अवधिभर समितिमा कायम रहन सक्नेछन्।

आज्ञाले,
पाराश्वर ढुङ्गाना
नेपाल सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।